बैठकपछि जारी प्रेस विज्ञप्तिमा फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालहरूमा कुनै सामग्री पोस्ट, कमेन्ट, ट्याग र शेयर गर्दा सावधानी अपनाउन अत्यन्त जरुरी छ भन्दै उल्लेख गरिएको छ

# सामाजिक सञ्जाल प्रयोग सम्बन्धमा काउन्सिलको ध्यानाकर्षण

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रेस काउन्सिल नेपालले सामाजिक सञ्जाल प्रयोग गर्दा सचेत रहन आम प्रयोगकर्ताहरूको ध्यानाकर्षण गराएको छ। काउन्सिलको शुक्रबार बसेको बैठकले सामाजिक सञ्जालको प्रयोगमा ज्ञान नहुँदा र ध्यान नदिई जथाभावी सामग्री पोस्ट गर्दा आम सर्वसाधारण कानुनी फन्दामा पर्न सक्ने भएकाले सार्वजनिक हितका पक्षमा यस्तो निर्णय गरिएको काउन्सिलका सहप्रशासकीय अधिकृतसमेत रहनुभएका प्रवक्ता दीपक खनालले नेपाल समाचारपत्रलाई जानकारी दिनुभएको हो।

बैठकपछि जारी प्रेस विज्ञप्तिमा फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालहरूमा कुनै सामग्री पोस्ट, कमेन्ट, ट्याग र शेयर गर्दा सावधानी अपनाउन अत्यन्त जरुरी छ भन्दै उल्लेख गरिएको छ- 'केही दिनदेखि काउन्सिल नै खारेज गर्नुपर्ने, आगो लगाउनुपर्ने, काउन्सिलका पदाधिकारी तथा कर्मचारीहरूलाई मार्नेजस्ता धम्कीसहित काउन्सिलले जारी गरिरहेका आचारसंहिता अनुगमनसम्बन्धी विषयमा फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जालमार्फत अत्यन्तै अशिष्ट र भ्रामक सामग्री पोस्ट भइरहेको पाइएको छ।'

सामाजिक सञ्जालबाट जथाभावी पोस्ट गर्दा विदेशमा रहेका नेपालीहरू स्वदेश फिर्ता (डिपोर्ट) हुनसक्ने तथा स्वदेशमा रहेका नेपालीलाई हिरासतमा राखी अनुसन्धान गर्न सकिने सरकारी प्रावधान रहेको जनाउँदै विज्ञप्तिमा थप भनिएको छ- 'अशिष्ट, असभ्य भाषामा कुनै व्यक्ति, संघ-संस्थाबारे आधार, प्रमाणबिनाका तथ्यहीन सामग्री पोस्ट गर्दा विद्युतीय कारोबार ऐन-२०६३ आकर्षित भई सोहीअनुसार कारबाही हुने प्रावधान छ। सो कुरालाई ध्यानमा राख्न प्रेस काउन्सिल सञ्चारकर्मीलगायत सबैमा अनुरोध गर्दछ।'

काउन्सिलले प्रचलित ऐन, नियमअनुसार पत्रकार आचारसंहिता अनुगमन गर्दै आएको, आचारसंहिता पालना र पेशागत मर्यादामा उच्च प्राथमिकता दिँदै अनुगमन गर्नुका साथै पत्रकार र आमसञ्चारमाध्यमको व्यावसायिक हितमा जोड दिने गरेको, काउन्सिलले विद्युतीय सञ्चारमाध्यम स्वअनुगमनलाई प्रविधियुक्त बनाई नियमित रूपमा कर्तव्य पालन गर्दै आएको, छापा माध्यमलाई समेत विद्युतीय प्रविधिमा लैजाने तयारी गरेको र चौबिसै घण्टा स्वअनुगमन र उजुरीका आधारमा कानुनसम्मत ढंगले आफ्नो काम-कारबाही अगाडि बढाइरहेको खनालले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।

काउन्सिल पत्रकार आचारसंहिताअनुसार पत्रकारिता पेशागत कर्तव्य पालनाको सिलसिलामा पत्रकार र आम जनताको साथमा रहेको बताउँदै विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'काउन्सिलका काम-कारबाहीलाई अझ सशक्त र प्रभावकारी बनाउनका लागि सल्लाह तथा सुझावहरू पठाउन हार्दिक अनुरोध गरिन्छ।'

## डीआईजी चन्दद्वारा रकम संकलन तीव्र

धनगढी, (नेस)

क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाका प्रमुख एसपी योगबहादुर पालले विभिन्न ट्राफिक पोस्टबाट अबैध रूपमा मासिक रकम उठाउने गरेको प्रसंग सेलाउन नपाउँदै प्रदेश नम्बर सातका डीआईजी शरद चन्दले पनि मासिक रकम उठाउने गरेको खुलासा भएको छ। नेपाल सरकारले प्रदेश इन्चार्ज एआईजीमा माधव नेपाललाई खटाएपछि उहाँ ओझेलमा पर्नुभएको थियो तर मर्यादाक्रम नमिल्ने भन्दै फेरि डीआजीलाई नै प्रदेश प्रमुखको जिम्मेवारी दिएपछि चन्द प्रदेश प्रमुख बन्नुभएको थियो।

ट्राफिक प्रहरीले ज्यादतीपूर्ण व्यवहार देखाउँदै जथाभावी रकम उठाएर आम मानिसहरूलाई सताएका समाचार सेलाउन नपाउँदै डीआईजी स्वयम् रकम असुलीमा लागेको समाचारहरू सुनेपछि स्थानीयहरू चकित परेका छन्। जो व्यक्ति कानुनलाई कार्यान्वयन गर्ने निकायमा छ सोही व्यक्तिले गैरकानुनी रुपमा रकम उठाउन लागाएपछि वर्तमान सरकारको भ्रष्टाचार शून्य सहनशीलताको सिद्धान्तलाई धज्जी उडाएको छ। गृहमन्त्री रामबहादुर थापाले काठमाडौंमा बसेर जनप्रिय निर्णय गर्ने तर प्रहरीका प्रदेश प्रमुखले नै गैरकानुनी रूपमा रकम उठाउन लगाउने विषयको तादम्यता नमिलेको स्थानीयको भनाइ छ।

यही असार ३० गते डीआईजी चन्दको उमेर हदका कारण सेवानिबृत्त हुँदै हुनुहुन्छ। सेवानिबृत्त हुन करिब २५ दिन हुँदा पनि कार्यक्षेत्रमा बसेर रकम उठाउने काम भइरहेको छ। क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय प्रमुख एसपी पालले गरेको कमजोरीका बारेमा डीआईजी चन्दले खासै चासो नदिनुको पछाडि भनेको उहाँ आफैं रकम असुल गर्न लागेको समाचार स्रोतको दावी छ।

## 'कुनै गाउँमा औंसी र कुनै गाउँमा पूर्णिमा हुँदैन'

दीपेन्द्र शर्मा, सुर्खेत

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले कर्णाली प्रदेशका कुनै गाउँमा औंसी र कुनै गाउँमा पूर्णिमा नहुने बताएका छन्।

कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको बाइसौं बैठकमा प्रदेश सरकारका तर्फबाट राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)को छलफलमा कर्णाली प्रदेशका सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा मन्त्री ज्वालाले उक्त कुरा बताएका हुन्।

सांसदहरूका प्रश्नको जवाफ दिँदै मन्त्री ज्वालाले सबैसंग समन्वय, सहकार्य र हातेमालो गर्दै बजेटलाई कार्यन्वयन गरिने प्रतिवद्धता जनाए। कर्णाली प्रदेशको सरकारले बजेटलाई वितरणमुखीभन्दा प्रतिफलमुखी बनाएको भन्दै यसमा शंका नगर्न सांसदहरूलाई आग्रह गरेका छन्।

बजेटमा कसैलाई पनि अन्याय नहुने भन्दै मन्त्री ज्वालाले सांसदहरूका सुझावलाई सरकारले ग्रहण गर्ने बताए। 'बजेटमा शंका नगर्नुस् कुनै गाउँमा औंसी र कुनै गाउँमा पूर्णिमा हुँदैन सबैका भावना सम्बोधन हुन्छन्' -ज्वालाले भने। 'सरकारले बजेट कार्यन्वयनका लागि तालिका बनाएर अगाडि बढ्ने भएकाले यस कार्यमा सबै पक्षको सहयोगको अपेक्षा गरेको छु।' -उनले भने।

बजेटलाई कार्यन्वयन गर्न कानुन र संरचना मुख्य समस्या भएको उनले बताए। कर्णाली प्रदेशमा सबैभन्दा बढी बजेट सडक र भौतिक पूर्वाधारमा रहेको जानकारी गराउँदै मन्त्री ज्वालाले यो बजेटले समृद्ध कर्णाली प्रदेश बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे।

कर्णाली प्रदेशमा चालु खर्चभन्दा विकास बजेट तीनगुना बढी भएकाले यसले कर्णालीको विकास महत्वपूर्ण कोशेढुङ्गा सावित हुने उनको भनाइ छ। उनका अनुसार कर्णालीको कुल बजेटमध्ये चालु खर्चमा २५ प्रतिशत तथा विकास बजेटमा ७५ प्रतिशत बजेटको विनियोजन गरिएको छ।

### चार विधेयक प्रस्तुत

यसैबीच कर्णाली प्रदेशसभामा कर्णाली प्रदेशको सरकारले चारवटा विधेयकहरू टेबल गरेको छ।

कर्णाली प्रदेशसभाको दोस्रो अधिवेसनको बाइसौं बैठकमा प्रदेश सरकारका शुक्रबारबाट ४ वटा विधेयकहरू टेबल गरिएको हो।


प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक २०७५ र कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक २०७५ तथा आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले कर्णाली प्रदेशभित्रका जिल्ला सभालाई व्यवस्थित र मर्यादित बनाउनका लागि तयार गरिएको 'जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक २०७५,' कर्णाली प्रदेशको जिल्लाभित्र रहेका गाउँ तथा नगरसभालाई व्यवस्थित र मर्यादित बनाउनका लागि तयार गरिएको 'गाँउसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक २०७५' सभामा टेबल गरेको कर्णाली प्रदेशसभाका सभामुख राजबहादुर शाहीले जानकारी दिए।

सभामुख शाहीका अनुसार उक्त विधेयकहरूमा यही असार १३ गते दिनको १ बजे बस्ने कर्णाली प्रदेशसभाको तेइसौं बैठकमा छलफल प्रारम्भ हुनेछ।

## पढ्ने रहरलाई उमेरले छेकेन

हिक्मत नेपाली, दैलेख

जिल्लाको पश्चिममा पर्ने आठवीस नगरपालिका २ सिगौडीकी तुलसी विक स्कुल जाने रहरैरहरमा १३ वर्ष पुगिन्। उनलाई स्कुल जाने रहर लागेको वर्षौं भइसकेछ। तुलसीको घरको अघिल्तिरबाटै आफूभन्दा सानो उमेरका बालबालिका ठाट्टिएर दैनिक स्कुल आउजाउ गरेको देख्दा उनलाई पनि स्कुल जाउँजाउँजस्तो लाग्थ्यो। तुलसीको टोलका अन्य बालबालिकाहरूसंगै स्कुल जाने रहरैरहरमा १३ वर्ष पुगेको पत्तै भएन। टोलमा आउने नयाँ मानिसलाई देख्ने बित्तिकै उनी सोध्ने गर्थिन्, 'म स्कुल जान पाउँछु र? निर्दोष तुलसीको यो प्रश्न सुन्ने जो कोहीलाई पनि एकपटक, सोच्न बाध्य बनाउथ्यो। १३ वर्षीया तुलसी विक अहिलेसम्म विद्यालयको गेटसम्म पुग्न सकेकी थिइनन्। उनका बुबा धौरो विक वर्षौंदेखि शारीरिक अपाङ्गताबाट थलिएका छन्। शारीरिक रूपमा असक्त धौला ज्याला मजदुरी गर्न सक्दैनन्। तुलसीका दिदी र दाइ छन्। दाइ र दिदीको विवाह भइसक्यो।



बुबा शारीरिक रूपमा अपाङ्गता भएका कारण ज्याला मजदुरी गर्न सक्दैनन्। शारीरिक अपाङ्गता भएका उनका बुबा घरमा बसेर डोको बुन्ने काम गर्छन्। आमा ज्याला मजदुरी गर्न जाने भएका कारण घरको काम सबै सम्हाल्नुपरेकाले उनि १३ वर्षसम्म विद्यालय जान सकिनन्। बाबु अपाङ्गता भएको र आमाले ज्यालामजदुरी गरि कमाएको पैसाले साँझ बिहानको छाक टार्न धौधौ परिरहेको बेला तुलसी लाई पढ्न पठाउने कुरै रहेन।

पढ्ने रहर हुँदाहुँदै पनि परिवारको आर्थिक अवस्था नाजुक भएका कारण विद्यालय जानबाट तुलसी वञ्चित भएकी थिइन्। उनलाई सेभ द चिल्ड्रेन र सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेखको साझेदारीमा सञ्चालित सहयात्रा परियोजनाको सहयोगमा छात्रवृत्ति प्रदान गरी गुराँस आधारभूत विद्यालयमा कक्षा १ मा भर्ना गरिएको छ। उमेरले १३ वर्ष पुगेकी तुलसीलाई विद्यालय गएर पढ्नलाई उमेरले भने छेकेन। अहिले उनी बिहानबेलुका घरधन्दा सघाएर विद्यालयमा नियमित जान्छिन्। साथीहरूभन्दा अलि ठूली भएकाले शुरुमा त लाज लाग्थ्यो, तर अब लाग्दैन, अब सधैं स्कुल आउछु धेरै पढ्छु, शुरुमा त बुवाआमाले स्कुल पठाउनै मान्नुभएको थिएन, धेरै सम्झाइ-बुझाइ गरिसकेपछि मात्र मलाई स्कुल पठाउनुभयो, तुलसीले भनिन्।

विद्यालयमा भर्ना भएदेखि उनी एक दिन नविराइ नियमित स्कुल जाने गरेकी छिन्। 'शुरुमा हामीले पनि छोरीलाई स्कुल पठाउन मानेका थिएनौं, अहिले छोरीले घरको काम सघाएर स्कुल गएको देख्दा खुसी लाग्छ, अब छोरीलाई नियमित स्कुल पठाउँछौं।' -तुलसीका बुबा धौराले भने। गुराँस आधारभूत विद्यालयका प्रधानाध्यापक डम्मर शाहीले विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा पुर्‍याउन सहयोग गर्ने सहयोगी निकायहरूलाई धन्यवाद दिए। आठवीस नगरपालिकाभित्र रहेका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा पुऱ्याउने गरी आफूहरूले काम गर्दै आएको सहयात्रा परियोजनाका सामाजिक परिचालक लक्ष्मी चलाउनेले बताइन्।

## शैक्षिक सामग्री वितरण

पोखरा, (नेस)

बाबा फाउन्डेसन नेपालले कास्कीको अन्नपूर्ण गाउँपालिका १ सिम्पालीस्थित सिर्जना सामुदायिक विद्यालयका छात्रछात्रालाई शैक्षिक सामग्री वितरण गरेको छ। विद्यालयमा शुक्रबार आयोजित कार्यक्रममा फाउन्डेसनका सचिव टंकराज अधिकारी र विद्यालयका प्रधानाध्यापक टीकाराम अधिकारीले संयुक्त रूपमा छात्रछात्रालाई शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन्।

विद्यालयमा कक्षा ३ देखि १० कक्षासम्म अध्ययनरत २१ जना गरिब तथा जेहन्दार छात्रछात्रालाई शैक्षिक सामग्री प्रदान गरिएको थियो। शैक्षिक सामग्री वितरण गर्दै फाउन्डेसनका सचिव अधिकारीले बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने अभियानअन्तर्गत छात्रछात्रालाई शैक्षिक सामग्री वितरण गरिएको बताए। उनले फाउन्डेसनले विगत १० वर्षदेखि यस्तो अभियान जारी रहेको जानकारी दिँदै उनले अहिलेसम्म करिब १ हजार जना आर्थिक विपन्नतामा परेका बालबालिकाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको बताए।

विद्यालयका प्रधानाध्यापक टीकाराम अधिकारीले बाबा फाउन्डेसनको नाम र चर्चा सुनिरहेको सन्दर्भमा विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेकोमा आभार व्यक्त गरे।

फाउन्डेसनका कार्यकारी निर्देशक शिव शर्मा सुवेदीले संस्थागत गतिविधिबारे चर्चा गर्दै बालबालिको क्षमता अभिवृद्धिका लागि रचनात्मक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे।

## नागरिकता लिनेमा महिला बढी

कपिलवस्तु, (नेस)

पछिल्लो समय नागरिकता लिनेमा पुरुषभन्दा महिलाको संख्या बढेको देखिन्छ। दशकअघि १०/१५ प्रतिशत महिलाले मात्र नागरिकता बनाउने गरेकोमा अहिले महिलाहरूमा जागरुकता बढेको हो। इलाका प्रशासन कार्यालय चन्द्रौटाको पछिल्लो २ महिनाको तथ्यांक हेर्दा ५४ प्रतिशत महिलाले नागरिकता बनाएको देखिन्छ।

मधेसी र मुस्लिम समुदायको बाहुल्यता रहेको कपिलवस्तुको पश्चिमी भेगमा अझै पनि अधिकांश महिला खुलेर बाहिर निस्केको देखिँदैन। तर प्रशासनको डाटाले नागरिकता लिने पुरुषको भन्दा महिलाको संख्या बढी भएको पाइएको छ। नयाँ आर्थिक वर्ष २०७५ को वैशाख र जेठमा ७ सय ७० जनाले नागरिकता लिएका छन्। जसमध्ये नागरिकता लिने महिलाको संख्या ४ सय ७० रहेको इलाका प्रशासन कार्यालय प्रमुख जगदीश अर्यालले बताउनुभयो।

तथ्यांकअनुसार नागरिकता लिएका मध्ये मधेसी र मुस्लिम समुदायका महिलाहरूको संख्या सबैभन्दा बढी रहेको कार्यालय प्रमुख अर्यालले जानकारी दिनुभयो।

'पछिल्लो समय बुवाआमाको नागरिकताबिना सन्तानको जन्मदर्ता र नागरिकता नबन्ने प्रावधानअनुसार नागरिकता लिने महिला बढेका हुन्।' -कार्यालय प्रमुख अर्यालले भन्नुभयो।

### खुला...

कुनै राष्ट्रसेवकलाई निजले कानुनबमोजिम गर्नुपर्ने काम गर्नबाट रोक लगाउन वा गर्न नपर्ने वा गर्न नहुने काम गर्न लगाउने नियतले कसैलाई झुट्टा जानकारी दिए त्यस्तो व्यक्तिलाई १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

शपथ लिएको व्यक्तिले झुट्टा कुरा व्यक्त गर्नहुँदैन। नियम ८० मा लेखिएको छ 'अधिकारप्राप्त अधिकारीसमक्ष साँचो कुरा व्यक्त गर्ने कानुनी कर्तव्य भएको वा शपथ लिएको व्यक्तिले वा कानुनबमोजिम शपथ लिई सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो हैसियतमा झुट्टा कुरा व्यक्त गर्नहुँदैन।'

यस्तो कसूर गर्ने व्यक्तिलाई २ वर्षसम्म कैद वा २० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ आगामी भदौ १ गतेदेखि लागू हुँदै छ। दोस्रो संविधानसभाको विधायन समितिले यी ऐन बनाएर संसद्बाट पास गरेको थियो। मुलुकी फौजदारी कार्यविधि (संहिता) को संयोजक तत्कालीन सांसद लक्ष्मणलाल कर्ण, मुलुकी देवानी (संहिता) को संयोजक राधेश्याम अधिकारी, फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयनको संयोजक रामनारायण बिडारी र मुलुकी देवानी कार्यविधिको संयोजक रेवतीरमण भण्डारी रहनुभएको थियो। ५ जना संयोजकनै कानुनी पृष्ठभूमिका हुनुहुन्थ्यो। भण्डारीबाहेक सबै अहिले पनि सांसद हुनुहुन्छ।

### सातै...

मन्त्रालयले यसअघि सात वटै प्रदेशमा तीन हजार दरले कर्मचारी रहने सार्वजनिक गरिसकेको छ।

हाल विभाग अन्तर्गत रहेका निर्देशनालयहरू राखिएको छ। क्षेत्रीय पशुसेवा, शिक्षा, कृषि जस्ता निर्देशनालयहरू रहेका छन्। यसअघि विकास क्षेत्रमा राखिएका निर्देशनालयहरू प्रदेश सरकारअन्तर्गत राखिने छ। निर्देशनालयहरूको संख्या टुंङ्गो लागेपछि हाल केन्द्र सरकार अन्तर्गत रहेका क्षेत्रीयस्तरका ती निर्देशनालयहरू खारेज हुने मन्त्रालयले जनाएको छ। हाल क्षेत्रीयस्तरमा शिक्षा, कृषि, पशु लगायत निर्देशनालयहरू रहेका छन्।

प्रदेश सभा सदस्य र सरकारले केन्द्र सरकार अन्तर्गत रहेको विभागस्तरीय कार्यालय प्रदेश अन्तर्गत रहने लबिङ गर्दै आएकोमा केन्द्र सरकारले विभागहरू संघको मन्त्रालय अन्तर्गत रहने निर्णय गरेको थियो। प्रदेशलाई चलायमान बनाउन, संविधानले दिएको अधिकारको सही प्रयोगका लागि विभागस्तरीय कार्यालय रहनुपर्ने ३ नं प्रदेशका मन्त्री कैलाश ढुंगेलको भनाई रहेको छ।

हाल जिल्लास्तरका विषयगत कार्यालयहरू स्थानीयस्तरमा गाभिएपछि प्रशासनिक इकाईहरूमा केन्द्रको मन्त्रालय, विभाग र प्रदेशको मन्त्रालय, निर्देशनालय र स्थानीय तह जिल्लामा शान्ति सुरक्षा, अदालत, मालपोत लगायत विषयगत कार्यालयहरू रहने छ।

### नागरिकता...

ल्हासास्थित नेपाली वाणिज्य दूतावासले ४ वर्षे अवधि तोकेर त्यस्ता नागरिकलाई हस्तलिखित राहदानी उपलब्ध गराउने गरेको छ।

तर मेसिन रिडेबल पासपोर्ट (एमआरपी) नहुँदा तिब्बेतियन नेपाली तिब्बत-नेपाल र नेपाल-तिब्बत बाहेक अन्यत्र ओहोरदोहोर गर्न पाउँदैनन्। आधिकारिक रूपमा नेपाली बन्न चाहने तिब्बेतियनहरूको संख्या २ सयका हाराहारीमा रहेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ। चिनियाँ नागरिक बन्ने र उतैको नागरिकता लिनेहरू धेरै भएकाले नागरिकताविहीन नेपालीहरूको संख्या २ सयभन्दा बढी नरहेको बताइएको छ। हरेक पटकको उच्चस्तरीय भ्रमणका क्रममा यो विषय दोहोरिने गरे पनि स्थायी समाधान भने हुन सकेको छैन।

यो विषय गम्भीर प्रकृतिको भएकाले सरकारले कूटनीतिक तवरबाट दीर्घकालीन समाधान खोज्नु जरुरी रहेको राहदानी विभागका महानिर्देशक रामकाजी खड्का बताउनुहुन्छ। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सरकारले विशेष पहल अघि नबढाएसम्म यो विषय किनारा लाग्न कठिन छ।' शुक्रबार नेपाली महावाणिज्य दूतावासले आयोजना गरेको कार्यक्रममा तिब्बत नेपालबीचको व्यापार र द्विपक्षीय सहयोगका अन्य क्षेत्रबारे महावाणिज्यदूत गोविन्द कार्कीले प्रधानमन्त्री ओलीसहित नेपाली टोलीलाई ब्रिफिङ गर्नुभएको थियो।

### ९ अभियुक्तले...

वादी र प्रतिवादीको कानुन व्यवसायीहरूले बहस सुनेपछि न्यायाधीशले जिल्ला अदालतले गरेको आदेश हेरी प्रमाणको मूल्याकन गर्दा प्रतिवादी कसुरदार नदेखिएमा साधारण तारिख वा धरौटीमा छाड्न सक्ने अथवा जिल्ला अदालतले गरेको आदेशलाई नै सदर गर्न सक्नेछन्। मोरङ अदालतका न्यायाधीश नारायणप्रसाद शर्माले गएको जेठ ८ गते सुन तस्करी र हत्या प्रकरण मुद्दाका पक्राउ परेका ३० अभियुक्तमध्ये २८ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने, एक जनालाई धरौटी र एक जनालाई सामान्य तारेखमा राख्ने आदेश दिएका थिए।

पुर्पक्षका लगि झुम्का कारागारको थुनामा रहेका २८ अभियुक्तमध्ये ९ जनाले १७ नम्बरका लागि निवेदन दर्ता गरेका हुन्। उनीहरूविरुद्ध संगठित अपराधअन्तर्गत आपराधिक समूह स्थापना गरी सुन चोरी-पैठारी र निकासी गरेको, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भएको थियो।

यसैबीच जिल्ला सरकारी वकिलको कार्यालय विराटनगर मोरङले सुन तस्करी र उर्लाबारी सनम शाक्या हत्या प्रकरण मुद्दामा छुटेका दुई जना प्रतिवादीको हकमा १७ नम्बर गर्ने तयारी गरेको छ। जिल्ला अदालत मोरङले सादा तारिक र सामान्य धरौटीमा छाडेको भन्दै अदालतको आदेशविरुद्ध १७ नम्बरमा निवेदन दर्ता गर्ने भएको हो। सरकारी वकिलको कार्यालयले निलम्बन प्रहरी जवान विष्णुबहादुर खड्कालाई १५ हजार तथा प्रहरी हवल्दार अमरबहादुर थापालाई साधारण तारेखमा छाडेको थियो।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय**
**डिभिजन सडक कार्यालय**
**भरतपुर, चितवन**

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको संसोधित सूचना**

**प्रकाशित मिति :- २०७५/०३/०९**

यस कार्यालयको मिति २०७५/०३/०३ गते नेपाल समाचार पत्र मा प्रकाशित ठेक्काको आशयको सूचना निम्न अनुसार हुनु पर्नेमा भुलवस अन्यथा प्रकाशित भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको संसोधित सूचना प्रकाशित गरिएको छ ।

**तपशील :**

| ठेक्का नं. | फर्मको नाम | कबोल अंक मु.अ.कर समेत |
|---|---|---|
| DROBHT/337199-4/074/75-51 | Mrit Sanjiwoni-Biraj & Brothers Joint Venture, Khaiharani-6, Chitwan | 4,87,34,502.24 |

**डिभिजन प्रमुख**